# नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, रसुवा

**नेपाल विद्युत प्राधिकरण, चिलिमे-त्रिशुली २२० के.भी प्रशारण लाईन आयोजनाले**
**नेपाल सरकारलाई सट्टाभर्ना जग्गा उपलब्ध गराउने प्रयोजनका लागि प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७५।१०।१७**

चिलिमे कोरिडोर क्षेत्रबाट निर्माण गरिएको र भविष्यमा निर्माण हुने आयोजनाहरुबाट उत्पादित बिद्युत शक्तिलाई राष्ट्रिय प्रशारणमा जोड्ने उद्धेश्यले नेपाल विद्युत प्राधिकरणबाट निर्माण भईरहेको राष्ट्रिय प्राथमिकता प्राप्त चिलिमे-त्रिशुली २२० के.भी प्रशारण लाईन आयोजनाको स्थायी संरचनाहरुले रसुवा तथा नुवाकोट जिल्लाको वन क्षेत्रमा ओगट्ने २.४२२ हेक्टर (४७ रोपनी १२ आना) क्षेत्रफल जग्गा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।१०।२१ को निर्णय र तदनुसार आयोजना र वन विभाग बिच मिति २०७५।११।१० गते भएको सम्झौता अनुसार आयोजनाले नेपाल सरकारलाई सट्टाभर्ना स्वरुप उपलब्ध गराउनुपर्ने भएकाले उल्लेखित सम्झौता अनुसार तपशिल बमोजिम मापदण्ड पुगेका जग्गाहरु भएका जग्गा धनीहरुले आफ्नो निजी जग्गा उक्त प्रयोजनका लागि प्राविधिक मूल्याङ्कन पश्चात् छनौट भएका जग्गाको जग्गा प्राप्ति ऐन २०३४ बमोजिमको मूल्य निर्धारण समिति मार्फत् निर्धारण हुने मूल्य अनुसार नेपाल सरकारलाई उपलब्ध गराउन चाहेमा आफ्नो निस्सा प्रमाण (नागरिकता, जग्गा धनी पूर्जाको प्रमाणित प्रतिलिपि, आ.व २०७५/०७६ को तिरो तिरेको रसिदको प्रतिलिपी ) सहित श्री जिल्ला प्रशासन कार्यालय, रसुवामा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र आफूले दिन चाहेको जग्गाको मूल्य नेपाली रुपैयामा अंक र अक्षर दुबैमा प्रष्ट खुलाई सिलबन्दी प्रस्ताव दिनुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल:**

१. रसुवा जिल्ला अन्तर्गत राष्ट्रिय वनसंग जोडिएको र सम्भव भएसम्म वन क्षेत्रसँग मिल्दो समान भू-बनोट र भौगोलिक क्षेत्रमा रहेको तथा वनको विकास गर्न सकिने जग्गा प्रस्ताव गर्नु पर्नेछ । आयोजना प्रभावित क्षेत्र नजिकको राष्ट्रिय वनसंग जोडिएको जग्गालाई प्राथमिकता दिन सकिने छ । रसुवा जिल्ला अन्तर्गतको जग्गा उपलब्ध गराउने प्रस्ताव पेश नभएको अवस्थामा मात्र रसुवा जिल्लाको सिमानामा रहेका जिल्लाको राष्ट्रिय वनसंग जोडिएको जग्गा प्राप्त गरिनेछ ।

२. वनक्षेत्रसँग सिमाना जोडिएको एउटै कि.नं को जग्गा वा वनक्षेत्रसँग सिमाना जोडिएको जग्गासँगै सिमाना जोडिएका जग्गा धनीहरुबाट एक भन्दा बढी कित्ताका जग्गाहरुको क्षेत्रफल ४७ रोपनी १२ आना पुग्ने गरी संयुक्त प्रस्ताव प्राप्त भएका जग्गाहरुलाई प्राथमिकता दिइने ।

३. प्रस्तावकले खाम बाहिर "जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव" भनी स्पष्ट रुपमा उल्लेख गरी मिति २०७५।१२।०७ गते भित्र जिल्ला प्रशासन कार्यालयमा कार्यालय समय भित्र दर्ता गराइसक्नु पर्नेछ ।

४. उक्त अवधि भित्र जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन आएका सिलवन्दी प्रस्तावहरु दरखास्त दिने अन्तिम मितिको भोलीपल्ट मिति २०७५।१२।०८ गते दिनको २ बजे जिल्ला प्रशासन कार्यालय, रसुवामा खोलिने छ ।

५. म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

**सम्पर्क ठेगाना:**

श्री चिलिमे-त्रिशुली २२० के.भी प्र.ला.आ.,
साईट कार्यालय,
धुन्चे, रसुवा
फोन नं : ०१ ६२१८७८४,
९८५१०१४३२४२ (प्रारम्भिक अधिकृत)

श्री जिल्ला प्रशासन कार्यालय, रसुवा
फोन नं : ०१०-५४०१३१